## अनुसूची

## राष्ट्रिय व्यापार सहजीकरण समितिको गठन तथा उक्त समितिको काम, कर्तव्य र अधिकार

विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौताको धारा २३.२ को व्यवस्था बमोजिम सो सम्झौता कार्यान्वयन, आन्तरिक समन्वय तथा सहजीकरण गर्न नेपाल सरकारले देहाय बमोजिमको राष्ट्रिय व्यापार सहजीकरण समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तोकेको छ।

१. **राष्ट्रिय व्यापार सहजीकरण समितिको गठनः** (१) अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्न देहाय बमोजिमको राष्ट्रिय व्यापार सहजीकरण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | -अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | सचिव (वाणिज्य तथा आपूर्ति), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (घ) | सचिव (उद्योग), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| (च) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | -सदस्य |
| (छ) | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क (विदेशी विनिमय हेर्ने) | -सदस्य |
| (ज) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | -सदस्य |
| (झ) | अध्यक्ष, नेपाल उद्योग परिसङ्घ | -सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | -सदस्य |
| (ट) | अध्यक्ष, घरेलु तथा साना उद्योग महासङ्घ | -सदस्य |
| (ठ) | अध्यक्ष, महिला उद्यमी महासङ्घ | -सदस्य |
| (ड) | सहसचिव (बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। तर कम्तीमा चार महिनाको एक पटक समितिको बैठक बस्नु पर्नेछ।

(३) समितिको सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा समितिको बैठकमा पेश हुने कार्यसूची निर्धारण गरी सोको जानकारी समितिको बैठक बस्नुभन्दा कम्तीमा दुई दिन अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भए त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन।

(५) समितिले आवश्यक देखेमा सम्बन्धित विषयको विज्ञ, नेपाल सरकार वा प्रदेश सरकारको कुनै पदाधिकारी वा अधिकृत कर्मचारी वा सरोकारवालालाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(६) समितिले गरेका निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरी राख्नु पर्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२. **राष्ट्रिय व्यापार सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः** (१) राष्ट्रिय व्यापार सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यापार सहजीकरण सम्झौताका प्रावधानको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा, कार्यान्वयन, अन्तरनिकाय समन्वय र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ख) व्यापार सहजीकरणका उद्देश्य, योजना, लक्षित कार्यको परीक्षण, सिफारिस तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) व्यापार सहजीकरण तथा व्यापार प्रवर्द्धन सम्बन्धी नीतिगत सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव उपलब्ध गराउने,

(घ) प्रचलित कानून बमोजिम गठन भएका देहायका समिति तथा उपसमिति समेतको समन्वयमा व्यापार सहजीकरण, पशु तथा वनस्पति क्वारेन्टाइन, भन्सार प्रक्रिया सहजीकरण, व्यापार पारवहन पूर्वाधार सम्बन्धी कार्य गर्ने, गराउनेः-

(१) बीउ बिजन ऐन, २०४५ को दफा ३ र ६ बमोजिमका समिति तथा उपसमितिहरु,

(२) बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा ३ बमोजिमको प्लान्ट क्वारेन्टाइन समिति,

(३) सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिमको अनुगमन तथा सहजीकरण समिति,

(४) पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १७ बमोजिमको प्राविधिक समिति,

(५) भन्सार नियमावली, २०६४ को नियम ६६ ङ बमोजिमको समन्वय समिति,

(६) व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३ बमोजिमको व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति,

(७) इन्टरमोडल यातायात, व्यापार तथा पारवहन सहजीकरणसँग सम्बन्धित अन्य सरकारी निकायका समिति वा उपसमिति।

(ङ) व्यापार, पारवहन र यातायातसँग सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र तथा विकास साझेदारबीच समन्वय, संवाद तथा सहकार्य गर्ने, गराउने,

(च) अन्तर्राष्ट्रिय व्यापार, पारवहन र यातायात प्रणालीसँग सम्बन्धित विद्यमान नीति, कानून, संरचना तथा प्रक्रियाको समीक्षा गरी आवश्यकताअनुसार समसामयिक परिमार्जन तथा पुनरावलोकन गर्नुपर्ने भएमा सिफारिस गर्ने,

(छ) व्यापार, यातायात र पारवहनलाई सरल र सहज बनाउन नीतिगत पृष्ठपोषण प्रदान गर्ने,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ञ) व्यापार सहजीकरणका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास र मापदण्ड बमोजिमका कार्य गर्ने, गराउने,

(झ) व्यापार सहजीकरण सम्झौता कार्यान्वनका लागि आवश्यक पर्ने स्रोतको पहिचान, प्राप्ति तथा परिचालनमा सहजीकरण गर्ने,

(ञ) व्यापार सहजीकरणका उपाय, अभ्यास र मापदण्डसम्बन्धी विषयमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(ट) व्यापार सहजीकरणको कार्य गर्न खण्ड (घ) बमोजिमका समिति तथा उपसमितिको कार्यलाई चुस्त र प्रभावकारी बनाउन आवश्यक मार्गदर्शन तथा निर्देशन दिने,

(ठ) खण्ड (घ) बमोजिमका समिति तथा उपसमिति समेतको समन्वयमा व्यापार सहजीकरण समितिका निर्णय तथा कार्यान्वयनको अवस्था र व्यापार सहजीकरणको क्षेत्रमा गर्नुपर्ने सुधारसम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयमार्फत नेपाल सरकारमा प्रतिवेदन पेश गर्ने।

(२) राष्ट्रिय व्यापार सहजीकरण समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी कार्यसम्पादन गर्न सक्नेछ।

(३) राष्ट्रिय व्यापार सहजीकरण समितिले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार नेपाल सरकारको कुनै निकाय, प्रकरण (१) को खण्ड (घ) बमोजिमका समिति तथा उपसमिति वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

३. <u>सचिवालयको रुपमा कार्य गर्ने</u>: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाले राष्ट्रिय व्यापार सहजीकरण समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं